बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची - १

### बुदा नं १२.२ सँग सम्बन्धित

बैठक संख्याः ७७

मितिः २०७९/०४/०७

अध्यक्षताः श्री ऋषि केशव बुढा मगर

**कार्यपालिकाका पदाधिकारीहरुः**

| | | |
|---|---|---|
| १. | श्री ऋषि केशव बुढा मगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढा मगर | उपाध्यक्ष |
| ३. | श्री धन बहादुर ओली | सचिव (नि. प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं वडा अध्यक्ष |
| ७. | श्री हिंक्मत घर्ति मगर | ४ नं वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थितिः**

| | | |
|---|---|---|
| १. | श्री भिमसेन बुढा मगर | सूचना प्रविधि अधिकृत |
| २. | श्री निर्धक रोका | कार्यलय सहयोगी |
| ३. | श्री अन्तिम दमाई | कार्यलय सहयोगी |

**प्रस्तावः**

१. आ.व २०७९।०८० को आयोजना सम्बन्धमा।

२. कर्मचारी सम्बन्धमा ।

३. राहत सम्बन्धमा ।

४. गत आ.व को बाँकी भुक्तानी सम्बन्धमा ।

५. विविध ।

<u>निर्णयः</u>

प्रस्ताव नं १ माथि छलफल गर्दा यस थबाङ गाउँपालिकाको आ.व २०७९।०८० का उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाहरुको सम्झौता २०७९ कात्तिक मसान्तभित्र गर्ने र टेन्डर प्रकृयाबाट कार्यान्वयन हुने आयोजनाहरुको बोलपत्र आव्हान २०७९ असोज ५ गतेभित्र गरी सम्पूर्ण प्रकृया २०७९ कात्तिक मसान्तभित्र सम्पन्न गर्ने निर्णय गरियो ।

साथै यस गाउँपालिकाको कृषि उपज संकलन तथा भण्डारण निर्माणको जग्गा छनौटका लागि वडा नं १ र २ मा गोबाङ र थबाङ ठूलोगाउँ, वडा नं ५ मा हार्जवा, वडा नं ४ मा थर्पू र वडा नं ३ मा लाटाबाङ र खासबाङमा जग्गा छनौट गरि २०७९ श्रावण मसान्तमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

यस गाउँपालिकाको आ.व २०७९।०८० का लागि संघीय सरकारबाट सशर्त अनुदानमा प्राप्त गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रमलाई वडा नं ३, ४ र ५ मा र आ.व २०७९।०८० का लागि प्रदेश सरकारबाट सशर्त अनुदानमा प्राप्त व्यवसायिक आरण सुधार थबाङ गा पा कार्यक्रमलाई वडा नं १ र २ मा कार्यान्वयन गर्ने निर्णय गरियो ।

यस गाउँपालिकाको आ.व २०७९।०८० का लागि संघीय सरकारबाट सशर्त अनुदानमा प्राप्त सुरक्षित नागरिक आवास कार्यक्रमका लागि प्रत्येक वडाबाट १०/१० जनाका दरले ५० जना लाभग्राही छनौट गरी वितरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा तपशिल बमोजिमका कर्मचारीहरुको करारनामा नविकरण थप नगर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.सं | कर्मचारी नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | विमलराज डाँगी | प्रेस संयोजक | का स मु कमजोर भएकाले |
| २ | प्रशान्त रोका मगर | कार्यालय सहयोगी | मिति २०७९।०२।२३ गतेको निवेदन तथा पहिले पनि गुनासो प्राप्त भएकाले |
| ३ | इलाका रोका मगर | कार्यालय सहयोगी | आधारभूत स्वास्थ्य तथा सरसफाई शाखाको सिफारिस अनुसार आवश्यकता नभएकाले |

यस गाउँपालिकाका विभिन्न कार्यालयहरुमा रिक्त रहेका पदहरुमा २०७९ श्रावण मसान्तभित्र विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस थबाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन प्राप्त भएका विभिन्न स्थानहरुमा विपदमा परेका व्यक्तिहरुलाई गाउँपालिकाको कार्यविधि अनुसार राहत प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व २०७८।०७९ मा कार्यान्वयन भएका तर भुक्तानी दिन बाँकी योजनाहरुलाई आन्तरिक स्रोतबाट भक्तानी गर्ने र आन्तरिक श्रोतबाट भुक्तानी भएका विशेष अनुदान तथा समपुरक अनुदानका आयोजनाहरुको श्रोत भर्ना गरी संघीय तथा प्रदेश सरकारमा रकम माग गर्ने र अन्य आयोजनाहरुमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा थबाङ कन्सट्रक्सन प्रा लि को मिति २०७९।०२।२० गते र गाउँवेशी कन्स्ट्रक्सन को मिति २०७९।०२।२० गतेको म्याद थप सम्बन्धी निवेदन अनुसार आ.व २०७८।०७९ को प्रदेश सरकार अन्तर्गतका समपुरक अनुदानका आयोजनाहरु डुलिडाँडा चालाबाङ सडक वडा नं २ को पहिरो र ढुङ्गा खस्ने र टुटु प्रजा भित्रिवन सडक वडा नं ३ को समुदायको विवाद तथा वर्षाका कारण कार्य सम्पन्न हुन नसकेकाले उक्त आयोजनाहरुको म्याद थप गरी आर्थिक मामिला तथा सहकारी मन्त्रालय, बुटवलमा अपुग रकम माग गर्ने निर्णय गरियो ।

साथै आधारभूत स्वास्थ्य सेवा केन्द्र छर्लोबाङ र घोराबाङमा बर्थिङ सेन्टर सञ्चालन गर्ने निर्णय गरियो ।

यस गाउँपालिकाको वडा नं ३ स्थित सामुदायिक स्वास्थ्य इकाई केन्द्र ठूलोगाउँ मिरूलमा बर्थिङ सेन्टर र गाउँघर क्लिनिक नाम्छिगुडमा सञ्चालनका गर्नका लागि आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।